**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. दार्जिलिङ तराई डुवर्शको स्थायी समाधान सम्बन्धित वार्तालाई अगाड़ि बढ़ाउन इन्टरलोक्युटर नियुक्त गरेको घोषणा गरेपछि पहाड लगायत तराई डुवर्शको राजनैतिक माहोल तातिएको छ।

२. विकरन फाउन्डेशनद्वारा प्राणी सम्पदा विकास विभाग जिटिएको सँगको सहयोगमा गौ दान परियोजना "आशा गाई" प्रारम्भ गरेको छ

३. दार्जिलिङ जिल्लाको सिरिखोला डाडागाउँ ग्राम पन्चायतको डाडा गाउँमा भालुको आक्रमणमा परी एक जना गम्भीर रूपमा घाइते भएका छन।

४. कालेबुङ जिल्ला सैनिक बोर्डको पहलमा कालेबुङमा एक दिवसीय बाल संरक्षण र मानव बेचबिखन" विषयमा सचेतना शिविर सम्पन्न गरिएको छ।

५. कालीपूजा अर्थात तिहार अघि उत्तर र दक्षिण क्षेत्रका छ जिल्लामा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

**इन्टरलोक्युटर**

दार्जिलिङ तराई डुवर्श लगायतको क्षेत्रहरुको निम्ति स्थायी समाधान सम्बन्धित वार्तालाई अगाड़ि बढ़ाउन भारतका राष्ट्रीय सुरक्षा उपसल्लाहकार रहनुभएको श्री पंकज कुमार सिंह, आईपीएस(सेवानिवृत्त) लाई इन्टरलोक्युटर नियुक्त गरेको घोषणा गरेपछि पहाड लगायत तराई डुवर्शको राजनैतिक माहोल एकाएक तातिएको छ। यसको साथमा उक्त घोषणाबारेमा पहाडभरमा मिश्रति प्रतिक्रिया आएको छ।

बाइट

यसैगरी उक्त घोषणाको गोर्खा रास्टिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङ, गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष बिमल गुरुङ, पुर्व जीटीए प्रमुख विनय तामाङ, विधायक निरज जिम्बा लगायत विभिन्न सघ सस्थाहरुले स्वागत गरेका छन। अर्कोतिर पहाडमा सत्तारूढ पार्टी भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा युवा नेता केशवराज पोख्रेलले यस निर्णय केवल गोर्खाहरु झुक्याउने वाहेक केही नरहेको बताएका छन।

**चुनाव आयोग-सुरक्षा-व्यवस्था**

निर्वाचन आयोगले आगामी २०२६ मा पश्चिम बंगालमा हुने विधानसभा चुनावका लागि सुरक्षा व्यवस्थाको तयारी सुरु गरेको छ। आयोगले यस वर्षको अन्त्यसम्म केन्द्र र राज्य स्तरमा विभिन्न सुरक्षा र गुप्तचर एजेन्सीहरूको भूमिकालाई परिभाषित गर्नेछ। पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालयले अहिलेसम्म २२ केन्द्रीय र राज्य एजेन्सीहरूलाई पत्र पठाएर ३० अक्टोबरसम्ममा निर्वाचन प्रक्रियामा नोडल अधिकारीको रूपमा नियुक्त हुने अधिकारीहरूको नाम मागेको छ। स्रोतका अनुसार यी एजेन्सीहरूबाट नाम प्राप्त हुनासाथ राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले अर्को महिना यी नोडल अधिकारीहरूसँग बैठक गर्नेछन्। यी बैठकहरूमा आयोगले प्रत्येक निकायको भूमिका र जिम्मेवारी तय गर्नेछ।

**राजु विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले आज सुखियापोखरी क्षेत्रको पहिरो प्रभावित क्षेत्रको भ्रमण गर्नुभयो। यसै क्रममा उहाँले सुखियापोखरी बजारको शान्तिनगर, वार्ड नं° ३, वेस्ट थाना लाइनको प्रभावित क्षेत्रको भ्रमण गर्दै यहाँका स्थानीयवासीहरुसग भलाकुसारी गर्नुभयो। जहाँ विगतको आपदाले ४ वटा घरहरू क्षतिग्रस्त भएका छन भने अन्य थप घरहरू अझै जोखिममा छन्। जसको कारण यहाँका बासिन्दाहरू सधैं डरमा बस्न बाध्य भएका छन्। यसैबीच प्रभावित परिवारहरूलाई स्थानान्तरणको माग तत्काल सम्बन्धित निकायमा पुऱ्याउने र सबै सम्भव सहयोग गर्ने आश्वासन सांसद राजु विष्टले दिइएका छन्।

**गौ-दान परियोजना**

४ अक्टोबर २०२५ को विनाशकारी प्राकितिक प्रकोपपछि जनजीवन पुनःस्थापित गर्ने उदेश्यको साथमा विकरन फाउन्डेशनले, प्राणी सम्पदा  विकास विभाग जिटिएको  सँगको सहयोगमा “ गौ-दान परियोजना आशा गाई – दार्जिलिङका लागि आशाका २२ गाई” नामक अभियान प्रारम्भ गरेको छ।

बाइट

यसैबीच प्राणी सम्पदा विकास विभाग (ARD) को आधिकारिक रिपोर्टअनुसार, हालैका पहिरोहरूले दार्जिलिङ जिल्लाका पाँच वटै ब्लकमा २२ वटा गाईको ज्यान लिएको जनाइएको छ, जसले दुध तथा कृषि आधारित ग्रामीण परिवारहरूको आर्थिक जीवनमा ठूलो चोट पुऱ्यायो।यस सन्दर्भमा, परियोजना गौ-दान आशा गाई मार्फत विकरन फाउन्डेशनले केवल जीविकोपार्जन पुनर्स्थापना मात्र नभई हिन्दू धर्ममा गाईले जनाउने नैतिक र पारिस्थितिक सन्तुलन पुनःस्थापित गर्ने लक्ष्य राखेको छ।

**भालुको आक्रमण**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्त सिरिखोला डाडागाउँ ग्राम पन्चायतको डाडा गाउँमा भालुको आक्रमणमा परी एक जना गम्भीर रूपमा घाइते भएको घटना प्रकाशमा आएको छ। घाइते हुनेलाई आशमाया लिम्बुको रूपमा चिन्हित गरिएको छ। स्थानीयहरुले बताए अनुसार शुक्रबार आशमाया लिम्बु आफ्नो घर नजिक घाँस काटीरहेको अवस्थामा भालुले आक्रमणमा परेको हो। उनको अवस्था गम्भीर रहेको थाहा लागेको छ भने प्रारम्भिक उपचारको निम्ति दार्जिलिङ लगिएको बताइएको छ। यस्तोमा बारम्बर बन्य जन्तुको आक्रमण भइरहेको कारण स्थानीयहरुले गम्भीर चिन्ता जताएको छ। स्थानीयहरुले बन बिभागप्रति गुहार लगाएका छन। उनीहरुले बताए अनुसार गाउँभित्र भालु पस्नु भनेको भयावह स्थिति हो। यस्तोमा स्थानीय जन साधारण सजक बस्न पर्ने आवश्यकता रहेको छ। उनीहरुले घाइते आशमाया लिम्बुलाई बन बिभागको तर्फवाट सहयोग प्राप्त होस भन्ने अनुरोध समेत गरे।

**मानव बेचबिखन**

कालेबुङ जिल्ला सैनिक बोर्डको पहलमा  कालेबुङमा एक दिवसीय बाल संरक्षण र मानव बेचबिखन" विषयमा सचेतना शिविर सम्पन्न गरिएको छ। शिविरमा शोध व्यक्तिको रुपमा युनिसेफकी बाल संरक्षण अधिकारी  गर्गी साहा उपस्थित रहेकी थिइन्। जिल्ला सैनिक बोर्डले आफ्नो विभिन्न शाखाका प्रतिनिधिहरुलाई लिएर उक्त शिविर आयोजना गरेको हो। विशेष गरेर जिल्लापालको सहयोगमा शोध व्यक्तिलाई कालेबुङ जिल्लाको निम्ति अनुरोध गरिएपछि उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सकिएको जिल्ला सैनिक बोर्डका सचिव कर्नल डिलाराम गुरुङले बताउनु भयो भने वर्तमान समयमा सामाजिक सञ्जालको कारण बालबालिका अनि अन्य व्यक्तिहरू मानव तस्करीको जन्जालमा फस्ने गरेको शोध व्यक्तिले विभिन्न उदाहरणहरु पेश गर्दै जनाएकी छन्।

**आगलागी**

मेरीबोङ चियाबारी गुम्बा गाउँमा भूतपूर्व सैनिक रतन थापाको घरमा दिंउसै आगलागी भएर खरानी भएको छ। स्थानीय मानिसहरूको सहयोग र बिजनबारी फायर ब्रिगेड अनि जोरबोङलो थाना प्रभारीको सहयोगमा आगोलाई भने नियन्त्रण गर्न सफल भएको छन्। घट्ना सुनेर  क्षेत्रीय सभासद सन्दीप छेत्री पनि घट्ना स्थलमा आईपुगेका थिए। आगलागीको कारण सर्ट सर्किट हुन सक्ने उनले बताएका छन्।

**Bijanbari**

भीरगाउँ उदय समाजको आयोजनामा सम्पन्न श्रमदान कार्यमा तीनवटा समाजले सहयोग दिएको छ। भीरगाउँ कालीखोला थुम्के भएर लंगुरदाङको बाटो सुचारू गराउन करिब ९२ जनाको योगदानमा यातायात खुलस्त हुने भयो। हिमाली समाज, देवकोटा संघ अनि नव युवक संघले सहयोग दिनु भएकोमा उदय समाजको तर्फबाट सभापति दिनेस राईले कृतज्ञता प्रकट गरेको छ।

**मौसम**

कालीपूजा अर्थात तिहार अघि उत्तर र दक्षिण क्षेत्रका छ जिल्लामा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । अलिपुर मौसम विभागका अनुसार कोलकातासहित दक्षिण बंगालका १२ जिल्लाहरूमा मौसम सामान्य रूपमा सुख्खा हुनेछ, तर दक्षिण २४ परगना र पूर्वी मिदनापुरको तटीय क्षेत्र, उत्तर २४ परगना र दार्जिलिङ, कालिम्पोङ र जलपाईगुडी जिल्लाहरूमा वर्षा हुन सक्छ। विभागका अनुसार दक्षिणपश्चिम मनसुन देशका अधिकांश भागबाट बाहिरिएको छ । यदपी मनसुनी हावा अझै पनि केरला, तमिलनाडु, आन्ध्र प्रदेश, तेलंगाना र कर्नाटकका केही भागहरूमा मात्र सक्रिय छ।

****** ० ******